वालिङ नगरपालिका कार्यालय

वालिङ, स्याङजा ।

शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७१।३।१७ गते**

यस कार्यालयबाट चालु आ.व. २०७०/०७१ को लागि तपसिलमा उल्लेखित कार्य गर्न ठेक्का प्रकृयाबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी रितपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०६९/०७० सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० वजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खेलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन् ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

४) बोलपत्रसाथ जमानत वापतको बोल कबोल अंकको २.५ प्रतिशत आउने रकम नेपाल बैक लि. स्याङजा स्थित धरौटी खाता नं. ७२–५१–३९९३ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको यस कार्यलयको नाउमा जारी गरीएको विडवण्ड ( Bid Bond) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नु पर्नेछ ।

५) म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्रउपर कुनै कारवाही हुने छैन् ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य सूची (BOQ) मा प्रत्येक आईटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा, यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन् र साथै दर रेटमा अंक र अक्षंरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । करेमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ

७) यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८) बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अकंको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाउमा जारी गरिएको कार्य जमानतपत्र ( परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

९) बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माण स्थल तथा सुमदायको बारेमा जानकारी एवं अध्ययन गर्नु पर्नेछ

१०) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन २०५५, सार्वजनी खरिद ऐन २०६३, सार्वजनी खरिद नियमावली २०६४,स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२) बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सुचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरीक समाज तथा संचार कर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

१३) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान ( मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) | बोपत्र जमानत रकम | बोलपत्र फाराम खरिद दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|
| ०३/२०७०/२०७१ | नगर स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य | ४८,११,३६३।५४ | कबोल अंको २.५ प्रतिशत | १०००।० | वालिङ न.पा. वडा नं. ५ एक्लेपिपल |

........................